# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको
# चामल खरिद सम्बन्धि बोलपत्र आह्वानको सूचना
## प्रकाशित मितिः २०८२/११/१४

यस कम्पनीलाई तपशिलमा उल्लेख भए अनुसारको परिमाण,किसिम र निर्धारित गुणस्तर बमोजिमको चामल खरिद गर्नु पर्ने भएकोले स्थायि लेखा नं. PAN इजाजत प्राप्त इच्छुक मिल, फर्म, कम्पनी वा संस्थाहरुवाट तपशिलका शर्तहरुकको अधिनमा रहने गरि बिद्युतिय माध्यमबाट रितपुर्वक वोलपत्र पेश गर्न आव्हान गरिएको छ।

| क्र.सं. | चामल बुझाउने कार्यालय /स्थान | चामलको किसिम | कार्यालय अनुसारको परिमाण (मा .क्वी) | कुल परिमाण क्वी. मा | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | प्रादेशिक कार्यालय, काठमाण्डौ | अरुवा सोना मंसुली चामल | ६००० | ४४००० | ५९,६०,०००/- | १५,०००।- |
| २. | प्रादेशिक कार्यालय, विराटनगर | | ७००० | | | |
| ३. | प्रादेशिक कार्यालय, भैरहवा | | ६००० | | | |
| ४. | प्रादेशिक कार्यालय, जनकपुर | | ५००० | | | |
| ५. | मुख्य शाखा कार्यालय, विर्तामोड | | ५००० | | | |
| ६. | मुख्य शाखा कार्यालय, लहान | | ५००० | | | |
| ७. | मुख्य शाखा कार्यालय, तुलसीपुर | | २००० | | | |
| ८. | शाखा कार्यालय, विरगंज | | ८००० | | | |

नोटः– यो सूचना प्रकाशित भएको मिति देखि २०८२।१२।१५ गते दिनको १२.०० बजे सम्म बोलपत्र खरिद/पेश गरी सक्नु पर्नेछ।

१ बोलपत्रदाताले माथी उल्लेख भए बमोजिमको बोलपत्र दस्तुर र बिडबण्ड धरौटी रकम बापत कम्पनीको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौमा रहेको चल्ती खाता नं. ००२००१००५०२४२४०००००१ मा KHADHYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा नगद जम्मा गरेको सक्कल भौचर वा बिडबण्ड धरौटी रकम कुनै क बर्गको बाणिज्य बैंकले श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रधान कार्यालय काठमाडौको नाममा जारी गरेको वोलपत्र पेश गर्ने अन्तिम मितिले ४ महिना अर्थात १२० दिन अबधि भएको नियमानुसारको बैंक जमानी पत्र संलग्न गर्नुपर्नेछ।

२ इच्छुक बोलपत्रदाताले PPMO को e-GP system, www.bolpatra.gov.np/egp बाट बोलपत्र डाउनलोड गरी बोलपत्रकागजातमा उल्लेखित निर्देशन बमोजिम गरी मिति २०८२।१२।१५ गते दिनको १२.०० वजे सम्ममा खरिद/पेश गरि सक्नु पर्नेछ। पेश हुन आएका बोलपत्रहरु सोहि दिनको २ः०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा प्रधान कार्यालय काठमाडौंमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नरहेमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन। बोलपत्र बुझाउने तथा खोल्ने पूर्वनिर्धारित समयमा e-Gp site मा सो सम्बन्धमा कुनै फेरबदल भै सो को सूचना प्राप्त भएमा सोहि अनुसार हुनेछ।

३ माथि उल्लेखित परिमाण माथि उल्लेखित कार्यालयमा सम्झौता भएको मितिले १२०(एक सय बिस) दिन भित्र बुझाउनु पर्नेछ। कम्पनीको आवश्यकतालाई हेरी कार्यालयमा बुझाउन माथि तोकिएको परिमाणमा थपघट गर्न सकिने छ। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कम्पनीमा रहनेछ।

४ बोलपत्रदाताले सवै कार्यालयको लागि सम्पुर्ण परिमाणको एकमुष्ठ रुपमा कवोलदर उल्लेख गरि बोलपत्र पेश गर्नु पर्नेछ ।

५ चामल खरिद/विक्री सम्वन्धि अन्य शर्तहरु बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

६ विद्युतीय माध्यम अन्तर्गत www.bolpatra.gov.np/egp बाट आवश्यक प्रकृया पूरा गरी बोलपत्र पेश गरे पश्चात सोको सक्कल कागजात (Hard Copy) यथाशिघ्र खरिद एकाईप्रधान कार्यालय काठमाडौंमा , पेश गर्नु पर्नेछ।

७ यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा निम्न ठेगानामा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिने छ।

**प्रधान कार्यालय, खरिद एकाई, भद्रकाली प्लाजा, काठमाडौं फोन नं ०१५३६०८४४**

**website:www.fmtc.org.np e-mail: procurement@fmtc.org.np**